Dialogue Works

किगाली घोषणा

हाम्रो संसार हाम्रो आवाज

किगाली घोषणा

सहयोग

Federal Ministry for Economic Cooperation and Development

Terre des Hommes International Federation

kinder not hilfe

हाम्रो संसार हाम्रो आवाज
किगाली घोषणा

Dialogue Works

परिचय

हामी विश्वभरका १६ वटा देशका क्याक समितिका श्रमिक बालबालिकाको प्रतिनिधिहरु यस छलफल कार्यक्रममा मिति १६ देखि २० जनवरी २०२३ सम्म रुवान्डाको किगालिमा विश्वव्यापी भेलाको लागि भेला भएका छौ । यस भेलाले हामी प्रत्येकलाई चिन्ने र सिक्ने अवसर प्रदान गर्नुको साथै हामीले स्थानियदेखि विश्वव्यापी स्तरसम्म निति र निर्माण र अभ्यासको लागि हाम्रा सुझावहरु र मागहरुको बारेमा छलफल गरेका छौ ।



१. गरिविलाई सम्बोधन गर्नुहोस् हाम्रा आमाबुवाको लागि उचित रोजगारि प्रदान गरियोस् र हाम्रा आधारभूत आवश्यक्ताहरुको सुनिश्ता गरियोस् ।


१.१ गरिबि र शोषण एकअर्काको कारण हुन् त्यसैले समाजबाट यो उन्मूलन गरिनुपर्छ ताकि शहरी र ग्रामिण क्षेत्रमा हाम्रा परिवारहरुसँग बालबालिकाको खाद्यान्न ,लत्ताकपडा,स्वास्थ्य हेरचाह , स्वच्छ खानेपानि , सरसफाइ र शिक्षाको आधारभूत आवश्यक्ताहरु पूरा गर्न पर्याप्त स्रोतहरु हुनुपर्छ ।

१.२ जलवायू संकट , बसाइसराइ , विखन्डित परिवार , स्वास्थ्य महामारी , द्धन्द्ध , वातावरणीय क्षति र भ्रष्टचारले हामी श्रमिक बालबालिकाहरुले नया समस्याहरुको सामाना गर्नुपर्ने हुन्छ ।

१.३ महामारी र अन्य आपतकालिन अवस्थामा,वयस्क र बालबालिकाको लागि सामाजिक सुरक्षा र सहायताको निष्पक्ष वितरणको सुनिश्चता हुनुपर्छ र साथै परिवारका लागि गुणस्तरीय स्वास्थ्य सेवा , खोप र स्वस्थ वातावरणमा परिवारको पहुँच हुनुपर्दछ ।

१.४ आमाबुवा र हेरचाहकर्ताहरुको लागि ग्रामिण क्षेत्र,दुर्गम क्षेत्र र शहरी परिवेशहरुमा पर्याप्त मात्रामा र व्यवसायिक सीप प्रशिक्षणको लागि अवसरहरु हुनुपर्छ ।

१.५ सरकारले बाल अधिकारको सुनिश्चता गर्नुपर्छ,परिवारहरुको लागि उचित आवास र जग्गाको अधिकार प्रदान गर्नुपर्छ साथै बालबालिकाको विकासको लागि हामीलाई खेल्न,खाली समय बिताउन र मनोरन्जनका लागि थप ठाउँहरु उपलब्ध गराउनुपर्छ ।



२. हाम्रो शिक्षालाई गम्भीरतापूर्वक लिनुहोस् र गुणस्तरीय शिक्षा र सीप तालिम प्रदान गर्नुहोस्

२.१ महामारी र अन्य आपतकालिन समयमा समेत हामी हाम्रो शिक्षाको अधिकारको सम्मान होस् भन्ने चाहन्छौ । यसमा डिजिटल शिक्षा लगायत निःशुल्क,मैत्रिपूर्ण,हाम्रो आवश्यकता अनुसार लचिलो,पहुँचयोग्य,अहिंसक र भेदभावरहित तथा सीपमूलक र गुणस्तरीय शिक्षा समावेश हुनुपर्छ । साथै श्रमीक बालबालिका ,अपागता भएका बालबालिका ,परम्परागत भाषा बोल्ने बालबालिका र इन्टरनेटको पहुँच नभएका बालबालिका लगायत सबैलाई शिक्षा समावेशि हुनुपर्छ ।

२.२ हामी सबै पुस्ताका लागि जलवायू न्याय सम्बन्धि औपचारिक,सामाजिक र सामुदायिक शिक्षाको चेतना बढाउन चाहन्छौ

२.३ हामी हाम्रो परिवार र समुदायमा बालबालिकाको अधिकार र शोषण सम्बन्धि अनौपचारिक शिक्षा चाहन्छौ ।

२ .४ हामी सरकार र राज्यहरुबाट विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई पून विद्यालय भर्ना गर्न र बालबालिकाहरुलाई विद्यालय जानबाट रोक्ने कारकतत्वहरु जस्तै भेदभाव,हिंसा र विद्यालयमा लाग्ने शिक्षण शुल्कहरु रोक्नको लागि थप प्रयासहरु चाहन्छौं । हामी हाम्रो कामले गर्दा वा अन्य कुनै कारणले विद्यालय छुटाउन वा छोड्न चाहदैनौ पढाइलाई निरन्तरता दिनको लागि हाम्रो आम्दानीबाट हामीले विद्यालयको खर्चको केहि भाग बेहोर्न सक्छौ र यसरी पनि हाम्रो शिक्षलाई निरन्तरता दिन सक्छौ साथै हामीले हाम्रो कामबाट सीपहरु पनि सिक्न सक्छौं ।

३.हामीलाई श्रम शोषण,कठोर अवस्थाहरु र जोखिमहरुबाट जोगाउनुहोस् ,तथा बालबालिकाहरुलाई उपयूक्त सम्मानजनक काम गर्न अनुमति दिनुहोस् ।


३.१ शोषणबाट जोगिएको हाम्रो अधिकारको सम्मान होस् भन्ने हामी सबै चाहन्छौ। हामी धेरै भारी,कम पारिश्रमिक,हानिकारक ,कठोर वा जोखिमपूर्ण अवस्थामा वा बेचविखन र बन्धक श्रमसँग जोडिएको काम गर्न चादैनौ । बालकहरुले भारी कामको बढ्दो जोखिमको सामना गर्छन् जसले गर्दा उनिहरु लाई उचित र सम्मानजनक काम पाउन गारो हुन्छ ।

३.२ यद्यपी , हामी सबै प्रकारको बालकार्यहरु रोक्न चाहदैनौ हामी हाम्रो परिवारलाई सहयोग गर्ने सीपहरु सिक्न,पैसा कमाउन,हाम्रा आधारभूत आवश्यक्ताहरु पूरा गर्न र हाम्रो परम्परागत संस्कृतिहरुको सम्मान गर्न हाम्रो उमेर र क्षमता अनुरुप काम गर्न चाहन्छौं । यसरी काम गरिरहदा हाम्रो सुरक्षा,हामीलाई उचित भूक्तानि,अध्ययन,आराम र मनोरन्जनका लागि प्रयाप्त समयको सुनिश्चता हुनुपर्छ ।

३.३ हामी मध्ये धेरैले आफ्नो परिवारमा योगदान गर्न पाउँदा गर्व महसुस गर्छौं र हाम्रो कामको कदर होस् भन्ने चाहन्छौ हाम्रो कामले हामीलाई सम्मानको साथ हाम्रो जीवन जिउन र हाम्रो शिक्षालाई निरन्तरता दिनको लागि सहयोग मिल्छ ।

३.४ बालश्रम र शोषण विरुद्धको संरक्ष्ण सम्बन्धि विद्यमान कानुनलाई जतातै लागु र अनुगमन गरिनुपर्छ । साथै बालश्रम सम्बन्धि बनेका नितिहरुले सुरक्षित काम,शिक्षाको अवसर तथा समावेशी सीपमा आधारित प्रशिक्षणलाई सार्थन गर्नुपर्छ । काम गर्ने अपाङ्ग बालबालिका लगायतको कामको अवस्थामा सुधार गरिनुपर्छ ।






४ हाम्रो कुरा सुन्नुहोस्,हामीलाई बुझ्नुहोस् र हाम्रो अधिकारको सम्मान गर्ने कानुनहरु लागु गर्नुहोस्

४.१ हामीलाई हाम्रो अधिकारमा प्रभाव पार्ने सबै सवालहरु मा हाम्रो संलग्नता हुन आवश्यक छ हामी सबै तहका निर्णयहरुमा भाग लिन चाहन्छौ साथै हाम्रो अधिकार सुनिश्चित गर्ने कुरामा र अभिभावकहरु, हेरचाहकर्ताहरु, शिक्षकहरु ,रोजगारदाताहरु, प्रहरीहरु, व्यवसायीहरु, धार्मिक परम्परागत र सामूदायिक नेताहरु तथा निति निर्माताहरु,सरकारी अधिकारीहरु र अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय एजेन्सिहरु,जस्तै युनिसेफ,आइ.एल.ओ वा क्षेत्रिय निकायहरुले यसलाई गम्भीरतापूर्वक लिइनुपर्छ ।
४.२ वयस्कहरुले सुन्ने मात्र हैन बालबालिकाहरुले भनेका कुराहरुलाई व्यवहारमा गरोस् भन्ने चाहन्छौ ।
४.३ श्रमिक बालबालिकाहरुका समितिहरु,संघहरु सन्जालहरु लाई उनिहरुको मूद्धा उठान गर्नको लागि सहयोग गरिनुपर्छ । हामीलाई असर गर्ने निति र कानून बारे जानकारी लिन चाहन्छौ । थप रुपमा हामी कानून,निति र कार्यक्रमहरुलाई उचित कार्यान्वयन गराउन र कार्यन्वयन भएका निति र कार्यक्रमहरुको अनुगमन गर्ने भूमिका खेल्न चाहन्छौ ताकि बालबालिकासँग सम्बन्धित सरोकारवालाहरुले हाम्रो वास्तविकता,परिस्थिती आवश्यकता र आकांक्षाहरुप्रति संवेदनशील हुन सकून् ।
४.४ वयस्कहरुले हामलिाई भविष्यको असल नागरिकको रुपमा र संरक्ष्ण गर्ने महत्वपूर्ण सामाजिक अभिनेताहरुको रुपमा हेर्नुपर्छ ।

५ काम गर्ने बालबालिकालाई हिंसा र भेदभावबाट रोक्नुहोस् र संरक्षण गर्नुहोस्

५.१ हामीलाई सबै प्रकारको हिंसा र भेदभावबाट संरक्षण होस् । हाम्रो संरक्षणको अधिकारको सम्मान होस् र सबै अवसरहरुमा हामीलाई निष्पक्ष व्यवहार होस् भन्ने चाहन्छौ ।
५.२ हामीले हाम्रो घर,विद्यालय,सडकमा र कार्यस्थलमा विभिन्न प्रकारका हिंसा (शारीरीक,भावनात्मक र यौन) तथा थिचोमिचो अनुभव गर्छौ । सबै काम गर्ने बालबालिकाहरु यौन र शारीरीक उत्पीडनको जोखिममा छन् । धेरै क्षेत्रहरु मा विभिन्न क्षमता भएका बालबालिकाहरु सुरक्षा र सार्वजनिक हेरचाहको कमीको कारणले गर्दा ठुलो जोखिमको सामना गर्ने गर्दछन् ।
५.३ हामीलाई सुरक्षा गर्ने अन्य वयस्कहरु साथै प्रहरीबाट पनि हिंसा र भेदभावको अनुभव गर्छौ प्रहरीले हाम्रो अधिकारको सम्मान र संरक्षण गर्नुपर्दछ साथै अपाङ्गता भएका बालबालिका सहित सबैका लागि बालमैत्रि बाल न्याय प्रणाली हुनुपर्छ ।

५.४ कोभिड १९ महामारीको समयमा अभिभावकहरुले धेरै ठुलो तनावको अनुभव गरे जसले गर्दा घरमा घरेलु



हिंसाको जोखिम बढायो । तसर्थ सरकारले बालबालिका र बालबालिका हेरचाह गर्नेलाई मनोसामाजिक सहयोग सेवाहरु उपलब्ध गराउनु पर्छ ।

समापन टिप्पणीहरु

हामी स्थानियदेखि विश्वव्यापी स्तरसम्मका सबै सरोकारवालाहरु आवहान गर्छौ जसका निर्णयहरुले हाम्रो जीवनमा प्रभाव पार्छन् साथै यि विचारहरु र मागहरुलाई ध्यानमा लिन र तिनिहरुको कार्यन्वयनमा हामीसँग सहकार्य गर्नका लागि उनीहरुलाई आवहान गर्दछौ । बालश्रम शोषणको जरैदेखि रोकथाम र बालअधिकारको प्रवर्धनको लागि बालअधिकार र संरक्षण तथा विकास बीच गहिरो अन्तरनिहित सम्बन्धको मान्यता आवश्यक छ ।

More information online: www.dialogue-works.com